DAILY NEWSLETTER

As of July 13 , 2025

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

मौद्रिक नीतिपछि बजार हरियालीमा, बैंकिङ र माइक्रोफाइनान्समा चमक

नेप्से परिसूचक २९ अंक बढेर २७६०.८० विन्दुमा बन्द भएको छ

११ अर्ब ४१ करोड ६४ लाख २८ हजार रुपैयाँबराबरको ३ करोड २५ लाख ९२ हजार कित्ता शेयर खरिदबिक्री भएको छ।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा माथि छ ।
MACD	नेप्सेमा हाल MACD मा Buying pressure देखेको छ।
RSI	RSI 50 माथि देखिन्छ ।

Support	2600-2580
Resistance	2750-2800

आज आइतबार, नेपाल राष्ट्र बैंकबाट सार्वजनिक भएको आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिले बजारमा नयाँ ऊर्जा थपेको छ। नीति अपेक्षाकृत सन्तुलित र लगानीमैत्री देखिएकाले, यसको सकारात्मक प्रभाव आजकै दिनको बजार कारोबारमा स्पष्ट रूपमा देखिएको छ।
नेप्से परिसूचक हरियो कैंडलसहित बन्द भएको छ, जुन बजारले नीति प्रति विश्वास देखाएको संकेत हो। विशेषतः बैंकिङ क्षेत्र र माइक्रोफाइनान्स क्षेत्रमा उल्लेखनीय खरिद दबाब देखिएको छ, जसले बजारमा संस्थागत र खुद्रा लगानीकर्ताहरूको सक्रियता झल्काउँछ।
मौद्रिक नीतिले तरलता व्यवस्थापन, कर्जा प्रवाह र ब्याजदरमा सन्तुलन ल्याउने खालको संकेत दिएको छ। यसले बजारको आगामी यात्रा थप स्थिर र उकालो हुने सम्भावनालाई बलियो बनाएको छ।